# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

## भरतपुर महानगरपालिका

भरतपुर चितवन, वागमती प्रदेश, नेपाल

स्थाः २०७८

प.सं.: २०८०/०८१

च.नं.: ४१

मिति: २०८०।८।१२

राष्ट्रिय खुल्ला कथा प्रतियोगिताका लागि कथा आह्वान सम्बन्धी सार्वजनिक सूचना

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको वार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय खुल्ला कथा प्रतियोगिता आयोजना गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदै सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

कथा प्रतियोगिता सम्बन्धी आधारभूत जानकारी तथा नियमहरू:

१) प्रतियोगी कथाकार नेपाली नागरिक हुनुपर्ने । प्रतियोगीले कथासँगै आफ्नो छोटो परिचय, परिचय खुल्ने प्रमाणपत्र ( नेपाली नागरिकता / राष्ट्रिय परिचय पत्र / मतदाता परिचय पत्र / जन्मदर्ता / नेपाल सरकारका कुनै निकायबाट जारी परिचय पत्र मध्ये कुनै एक ) मोबाइल नं., इमेल र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो पनि पठाउनु पर्नेछ ।

२) कथा नेपाली युनिकोड वा प्रिती फन्टमा टाइप गरी आगामी २०८० पौष मसान्तसम्ममा प्रज्ञाप्रतिष्ठानको इमेल pragyapratisthanbhr078@gmail.com मा पठाउनुपर्नेछ ।

३) कथा नेपाली भाषाको मौलिक हुनुपर्ने र बढिमा ५००० शब्दसम्म हुनुपर्नेछ ।

४) यसअघि कँही कतै प्रकाशित र प्रसारित कथा हुन नहुने र नतिजा प्रकाशित नहुँदासम्म कतै पनि प्रकाशन, प्रसारण गर्न पाइने छैन ।

५) तोकिएको समयभित्र प्राप्त भएका कथाहरूलाई मूल्याङ्कन समितिले निर्णय गरी उत्कृष्ट ठहरिएका ५ कथाहरूलाई नगद पुरस्कार ( सर्वोकृष्ट रु ४०,०७८।००, उत्कृष्ट रु ३०,०७८।००, उत्तम रु २०,०७८।०० र प्रोत्साहन बढिमा २ जनालाई रु १०,०७८।००) र प्रमाणपत्रसहित सम्मान गरिनेछ र महानगर साहित्य दर्पण अङ्क ३ मा प्रकाशनसमेत गरिनेछ ।

६) मूल्याङ्कन समितिको सिफारिसमा प्रज्ञाप्रतिष्ठानको प्राज्ञपरिषद्ले निर्णय गरी पुरस्कृत कथाकारहरूको नामावली र पुरस्कार प्रदान गरिने मिति र कार्यक्रम पछि जानकारी गराइनेछ ।

थप जानकारी तथा समन्वयका लागि
सदस्य सचिव श्री बालकृष्ण थपलिया
मोबाइल नं. ९८४५०५११२७
इमेल : pragyapratisthanbhr078@gmail.com

श्री सूचना शाखा : महानगरको वेभ पेजमा सूचना अपलोड गरि वडा कार्यालयहरूमा समेत पत्राचार गरिदिनु हुन अनुरोध गर्दछु ।

बालकृष्ण थपलिया
सदस्य सचिव
भरतपुर महानगर प्रज्ञाप्रतिष्ठान

**सदस्य सचिव**



CamScanner